# कुशे गाउँपालिका
## थर्पु भार्मा, जाजरकोट

## आर्थिक वर्ष २०८१/०८२
## बजेट

२०८१ साल असाढ १०

# कुशे गाउँपालिकाको आ.ब. २०८१/०८२ को बजेट वक्तब्य

**गाउँ सभाका अध्यक्ष ज्यू,**

**सभाका सदस्य ज्यूहरु,**

लामो संघर्ष र त्यागबाट स्थापना भएको संघीय लोकतान्त्रिक गणतन्त्र र नेपालको संबिधानले देखाएको दिशा मुताबिक आज म यस कुशे गाउँपालिकाको १६ औं गाउँसभा तथा वजेट अधिवेशनको सन्दर्भमा कुशे गाउँपालिकाको आर्थिक वर्ष २०८१।०८२ को वजेट, योजना तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्न पाउँदा म निकै हर्षित छु । म आ.व. २०८१।०८२ को बजेट प्रस्तुत गर्दै गर्दा लोकतन्त्र प्राप्ती तथा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि समय समयमा भएका राजनीतिक आन्दोलनमा जिवन उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात सहिद प्रति भावपुर्ण श्रदान्जली अर्पण गर्दछु ।

कुशे गाउँपालिकाको समृद्धि र समग्र विकासका लागि गाउँपालिकाको वजेट, योजना तथा कार्यक्रम मार्फत समृद्ध र विकासशिल कुशे निर्माण गर्ने पथमा हिडाउने महत्वपूर्ण भुमिका खेल्न पाउँदा म व्यक्तिगत रुपमा गर्वको महसुस गर्दछु । साथै मेरो क्षमताले भ्याएसम्म कुशेको समग्र विकासको भाग्य रेखा कोर्नका लागि अहोरात्र खटि व्यक्तीगत जिवनका सम्पूर्ण कामहरु थाती राखी विकास निर्माण र जनताको काममा खटिरहने छु । म मेरो जिम्मवारीमा रहेर आगामी आर्थिक वर्षको वार्षिक वजेट यस सम्मानित सभामा प्रस्तुत गर्दा सवै जनप्रतिनिधि तथा नागरिकका ईच्छा आकांक्षा सोचे अनुरुप पुरा हुन सक्छन वा सक्दैनन् यो मेरो कमजोरी नभई हामी संग प्राप्त हुने स्रोत साधनको अभाव होला, हामीसंग प्राप्त हुने स्रोत साधनको अभावकै विचमा रहेर स्रोत अनुमान तथा वजेट सिमा निर्धारण समितिवाट प्राप्त वजेट सिमाका परिधिभित्र रही मैले आगामी आर्थिक वर्ष २०८१/०८२ को वजेट प्रस्तुत गरेको छु ।

देश संघीय संरचनामा गैसकेपछी जनताले नजिकवाट सरकार संग आफ्ना माग, आवश्यकता, चाहानाहरु सजिलै संग राख्न सक्ने अवस्था सिर्जना भएको छ, जुन सवैका लागि सुःखद पक्ष हो । तसर्थ यो व्यवस्थालाई मजवुद वनाई आगामी कार्यदिशा जनता केन्द्रित वनाउनु सिंगो गाउँपालिका र जनप्रतिनिधिका लागि चुनौतिको विषय बनेको छ, यद्यपि कुशेमा प्रकृतिले वरदान स्वरुप दिएका थुप्रै सम्भावनाहरु हामीसंग छन।जल, जमिन, जङगल, खनिज, जडिवुटी लगायत थुप्रै प्राकृतिक स्रोतहरु परिचालन गर्न सकेमा गाउँपालिकाले विकासका सम्भावनाहरुलाई मुर्तरुप दिन सकिन्छ भन्ने विश्वास लिएको छु । उक्त सन्दर्भलाई आत्मसाथ गर्दै भावि कार्यदिशा, गाउँपालिकाको आवश्यकता र जनताको विकासको माग अनुरुप वजेट विनियोजन गरिएको व्यहोरा यस सभा समक्ष अवगत गर्न चाहन्छु ।

यो कुशे गाउँपालिका क्षेत्र प्राकृतिक, सांस्कृतिक, धार्मिक तथा पर्यटकीय महत्वका दृष्टिले अत्यन्त सवल सम्भावना बोकेको भएता पनि समग्र आर्थिक सामाजिक विकास र प्रक्रियालाई अघि बढाउन हाम्रा सामु थुप्रै चुनौतिहरु रही आएका छन । तापनि स्रोत साधनको अभावका विचमा आगामी वर्षको वजेट प्रस्तुत गर्न गईरहेको छु ।

**सभा अध्यक्ष एवं सभाका सदस्य ज्यूहरु**

अव म यस कुशे गाउँपालिकाको आ.व. २०८०।०८१ को वजेट समिक्षा गर्न गईरहेको छु ।

**(क) आर्थिक विकास :**

आन्तरिक आय तर्फ :

१. आन्तरिक आय वृद्धि गर्न सम्भाव्य क्षेत्रहरुको अध्ययन तथा पहिचान गरेको छ ।

२. करको दर भन्दा करको दायरा वढाउने नीतिलाई प्राथमिकताका साथ अगाडी वढाईएको छ

३. कर संकलन कार्यलाई पारदर्शि र व्यवस्थित वनाईएको छ ।

कृषि तर्फ

१. यस पालिकाका तरकारी प्रवर्द्धन गर्नका लागि ५६० जना कृषकहरुलाइ सिडकिट वितरण गर्नुका साथै मसला वाली कार्यक्रम अन्तर्गत अदुवा विउ वितरण गरिएको छ ।

२. यस पालिकाका वडा नं ४, ६ र ७ मा ओखर पकेट निरन्तरता अन्तर्गत कार्यक्रम सन्चालन गरिएको छ ।

३. कृषी प्रसार, खाद्य सुरक्षा तथा पोषण सुधार कार्यक्रम अन्तर्गत पालिकाको ९ वटै वडाका ५४० जना सुनौलौ हजार दिनका आमाहरुलाइ सिडकिट वितरण गरिएको छ।

४. अध्यक्ष उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम संचालन गरिएको छ ।

५. वगैचा सुधार तथा च्याउ वितरण कार्यक्रम सचालन गरिएको छ ।

**३) पशु विकास तर्फ :**

१. पशु स्वास्थ्य उपचार औषधि खरीद गरी वितरण गर्ने कार्य गरिएको छ ।

२. यस पालिका वडा नं ५ मा बाख्रा पकेट कार्यक्रम सञ्चालन गरीएको छ ।

३. रेविज रोगलाई नियन्त्रण गर्न पालिकामा रहेका कुकुरहरुलाई प्रत्येक वर्ष वस्ति स्तरमा प्राविधिक खटाई रेविज खोप लगाउने कार्य गरीएको छ ।

४. यस पालिकाका सबै वडाहरुमा भेडा बाख्रालाई पी पी आर खोप संचालन गरिएको छ ।

### ४) सहकारी र वित्तीय क्षेत्र तर्फ :

गाउँपालिकामा सहकारी संस्था संचालन तथा नियमन गर्ने ऐन पारित गरी गाउँपालिका सहकारी ऐन वमोजिम कार्य सञ्चालन गर्ने गरिएको छ । यस गाउँपालिकामा संचालित सहकारीहरुको वार्षिक प्रगती प्रतिवेदन पालिकामा पेश गर्ने व्यवस्था मिलाईएको छ । चालु आ.व. मा ३५ वटा सहकारीहरुलाई सहकारी व्यवस्थापन र सहकारी तथा गरीबी सम्बन्धि व्यवस्थापन सुचना प्रणाली तालिमबाट प्रशिक्षित गरिएको छ।

### ख) सामाजिक विकास

### ५) शिक्षा तर्फ :

१. स्थानीय विषय अन्तर्गत मातृभाषा, स्थानीय इतिहास तथा संस्कृति स्थानीय ज्ञान सीप कला तथा प्रविधिमा आधारित कुशे गाउँपालिकाको स्थानीय पाठ्यक्रम अनुसार कक्षा १ देखि ५ सम्मको पाठयपुस्तक निर्माण गरी यसै शैक्षिक सत्रबाट कार्यान्वयनमा ल्याइएको छ ।
२. जनता माध्यमिक विद्यालय पैंक कुशे ९ मा विज्ञान प्रयोगशाला र मान्नेढुङ्गा माध्यमिक विद्यालय कुशे २ टालेगाउँमा पुस्तकालय संचालनमा ल्याईएको छ ।
३. विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र शिक्षक अभिभावक सँघका अध्यक्षहरुको क्षमता विकास तालिम संचालन गरिएको छ ।
४. शैक्षिक क्यालेन्डर निर्माण गरि प्रत्येक विद्यालय तथा सार्वजनिक कार्यालयमा वितरण गरिएको छ ।
५. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) सम्बन्धि तालिम संचालन गरिएको छ ।
६. स्थानीय इतिहास, सांस्कृतिक, ज्ञान, सिप, कला तथा प्रविधिमा आधारित स्थानीय पाठ्यक्रमको प्रवोधिकरण सम्बन्धि तालिम संचालन गरिएको छ ।
७. गाउँपालिका भित्रका विद्यालय तथा बालविकास केन्द्रहरुमा कार्पेट, पिफर्मको व्यवस्था गरिएको छ।
८. प्रत्येक माध्यमिक विद्यालयहरुमा खेलकुद सामाग्रीहरुको व्यवस्था गरिएको छ।
९. आर्थिक रुपले विपन्न वालवालिकाहरुलाई झोला, कापी र कलम वितरण गरिएको छ।
१०. विद्यालय सुधार योजना निर्माण सम्वन्धी कार्यशाला सम्पन्न गरिएको छ ।
११. वालविकास सहजकर्ताहरुको अध्यावधिक तालिम सँचालन गरिएको छ ।
१२. आधारभूत तह सम्म अनिवार्य तथा निःशुल्क शिक्षा प्रदायक गाउँपालिका घोषणा गरिएको छ ।

### ६) स्वास्थ्य तर्फ :

१. यस पालिका भित्रका गर्भवती तथा सुत्केरीहरुलाई सहज सरल तरिकाले विशेषज्ञ सेवाको पहुँचमा पुऱ्याउनको लागि एम्बुलेन्स सेवा संचालनमा ल्याइएको छ ।

२. सबै स्वास्थ्य चौकी तथा आधारभूत सामुदायिक स्वास्थ्य सेवा केन्द्रमा वर्षमा २ पटक MSS र ४/४ महिनामा सुचाङ्कहरुलाई एकरुपतामा ल्याउनको लागि RDQA कार्यक्रम सम्पन्न गरिएको छ ।

३. यस पालिका भित्र रहेका ५ वटा स्वास्थ्य चौकीहरुमा कुपोशित भएका बालबालिकाहरुलाई सुपोशित बनाइएको छ ।

४. यस पालिकामा स्वास्थ्यको सुचाङ्कहरुलाई एकरुपता ल्याउनको लागि मासिक, चौमासिक, अर्धवार्षिक समिक्षा सम्पन्न गरिएको छ ।

५. गत आव भन्दा २०८०।०८१ मा यस पालिकामा घरमा हुने सुत्केरी भन्दा स्वास्थ्य संस्थाहरुमा हुने सुत्केरीको संख्या बढेको छ ।

६. दुर्गम बस्तिहरुमा रहेका गरिव, जनजाती,सिमान्तकृत समूहका बालबालिकाहरुलाई पोषण सम्बन्धि प्रशिक्षण कार्यक्रम संचालन गरिएको छ ।

७. यस पालिकाका सबै संस्थागत सुत्केरी महिलाहरुलाई नियमानुसार सुत्केरी तथा उत्प्रेरणा भत्ता उपलब्ध गराइएको छ ।

८. यस पालिका भित्र रहेका महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई प्रविधिमैत्री बनाउन मोबाईल स्वास्थ्य कार्यक्रम अन्तर्गत ३८ जना महिला स्वास्थ्य स्वयम सेविकाहरुरु एक एक थान मोबाईल तथा सिम कार्ड वितरण गरिएको छ।

९. सबै स्वास्थ्य संस्थाहरुमा SSBH को आर्थिक सहयोगमा स्वास्थ्य संस्था व्यवस्थापन समितिलाई अभिमुखीकरण कार्यक्रम संचालन गरिएको छ ।

१०. यस पालिका भित्रका सबै स्वास्थ्य संस्था तथा आधारभूत सामुदायिक स्वास्थ्य सेवा केन्द्रमा नेपाल सरकारको सूचिकृतमा परेका निःशुल्क रुपमा वितरण सबै प्रकारका औषधिहरु उपलब्ध गराइएको छ ।

११. यस पालिका भित्र रहेका सबै बालबालिकाहरुलाई नियमित खोप लगाइएको छ ।

१२. यस पालिका भित्र संस्थागत सुत्केरी तथा होम डेलिभरी भएको महिलाहरुलाई पनि PNC Home भिजिट कार्यक्रम गरी मातृ मृत्यु तथा नवजात शिशुको मृत्युदरमा कम आएको छ ।

१३. कुशे गाउँपालिकालाई पुर्ण खोप दिगोपन सुनिश्चितता पालिका वनाउन नियमित खोप कार्यक्रमलाई निरन्तरता दिदै आईएकोछ । आगामी वर्ष पनि पुर्णखोप दिगोपना सुनिश्चितता कायम गर्ने लक्ष्य लिएको छ ।

१४. यस पालिकामा रहेका स्वास्थ्य संस्थाहरुलाई पोषण मैत्री स्वास्थ्य संस्था घोषणा गर्नको लागि यो वर्ष २ वटा स्वास्थ्य संस्था टालेगाँउ स्वास्थ्य चौकी तथा पैक स्वास्थ्य चौकी लाई पोषण मैत्री स्वास्थ्य संस्था घोषण गरिएको छ।

१५. यस पालिकामा रहेका गर्भवती महिलाहरुको अवस्थालाई ध्यानमा राखि ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम अन्तर्गत २८२ जना गर्भवति महिलाहरुलाई भिडिया एक्सरे गरिएको छ ।

१६. क्षयरोग सर्ने दरलाई कम गर्नको लागि संकास्पद वडाहरुमा घरभेट ल्याब परिक्षण सम्पन्न गरिएको छ ।

१७. सबै बालबालिकाहरुलाई वृद्धि अनुगमन (Growth Monitoring )को दायरामा ल्याउनको र कुपोषित बालबालिकाहरुलाई सूपोषित बनाउनको लागि यस पालिका भित्र रहेका विभिन्न १० ठाउँमा स्थानीय स्तरको जाउलो प्रवर्द्धन कार्यक्रम सम्पन्न गरिएकोछ ।

१८. संस्थागत सुत्केरी भएका महिलाहरु र बालबालिकाहरुको लागि न्यानो झोला वितरण कार्यक्रम सम्पन्न गरिएको छ ।

**७) महिला विकास तर्फ :**

१. दलित महिलाहरुको आय आर्जन कार्यक्रम अन्तर्गत वडा नं ७ मा १५ जना महिलाहरुलाई मुढा बनाउने तालिम सञ्चालन गरिएको छ ।

२. वडा नं ८ र ९ का २० जना महिलाहरुलाई सिलाईकटाई तालिम संचालन गरिएको छ ।

३. गर्भवती तथा किशोरीसँग उपाध्यक्ष कार्यक्रम अन्तर्गत ४७५ जना जना सुत्केरी आमाहरुलाई पोषिलो सर्वोत्तम पिठो वितरण गरिएको छ ।

**८) वालविकास तर्फ :**

१. वालविवाह, वालश्रम, र वालवालिका सम्वन्धी ऐन , कार्यविधि ,नीति तथा रणनीति पास गरी कार्यान्वयनमा ल्याईएको छ ।

२. ३८ वटा बालक्लव सुचीकृत गरी दर्ता प्रमाणपत्र दिईएको छ

३. अपागंता भएका वालवालिकाको लागि गाउँपालिकाको सहयोगमा ४ वटा School at home कार्यक्रम नियमित सञ्चालन गरिएको छ ।

४. सवै वालविकास केन्द्रमा वालमैत्री कक्षाकोठा निर्माण गर्न कार्पेट, पि.फर्म.लगायत कक्षाकोठा व्यवस्थापन सामाग्री वितरण गरीएको छ ।

५. वालवालिकाको मौलिक हकलाई सुनिष्चित गर्न जन्मदर्ता अभियान सञ्चालन गरी पञ्जिकरणका सवै कार्य डिजिटाईजेसन गर्ने कार्य गरिएको छ ।

६. बैङ्क खाता छोरीको सुरक्षा जीवनभरको कार्यक्रममा १९६ जना छोरी आवद्ध भएका छन ।

**९) अपागं तथा जेष्ठ नागरिक तर्फ :**

१. अपाङ्ग भएका व्यक्तिहरुलाई अपाङ्गता परिचय पत्र वितरण कार्यलाई निरन्तरता दिईएको छ।

**१०) न्यायीक तर्फ :**

१. न्यायीक समितिमा पर्न आएको उजुरी उपर स्वच्छ, निस्पक्ष, छिटो, छरितो रुपमा मेल मिलापको माध्यमबाट न्याय सम्पादन गर्ने कार्य गरिएको छ ।

२. समुदायमा महिला हिंसा सम्बन्धी सडक नाटक तथा कानुन सचेतना कार्यक्रम सञ्चालन गरिएको छ ।

**११) राहत तथा उद्धार तर्फ :**

१. पालिकामा रहेका स्वास्थ्य संस्थामा उपचार हुन नसकेका सुत्केरी तथा विरामीहरुलाई तत्काल हवाई तथा स्थल मार्गबाट उद्धार गर्ने कार्य गरिएको छ ।

२. भुकम्प प्रभावित नागरिकहरुलाई उद्धार राहत वितरण गरिएको तथा अस्थायी आवास निर्माणको लागि पहिलो किस्तो रकम सबै लाभग्राहीहरुलाई दिएको र दोस्रो किस्ताको रकम वितरण गर्ने प्रक्रियामा अगाडी बढाईएको छ ।

**ग) पूर्वाधार विकास तर्फ :**

मालुमेला साधिविसाउन गाउँपालिका सडक, बाटुल्ले टापुचौर सडक र गाउँपालिका धारपानी भेटुखाना सडक स्तरउन्नती गरिएको छ । थर्पु मावि ढिमे, लक्ष्मी प्रासि मावि खुर्पा, जनता मावि पैक, दुर्गादिवि मावि भार्मा, मालटाकुरा मावि तम्ती, लक्ष्मी प्रावि सौरेनी, भवगती मावि भेटुखाना र कैलाश प्रावि जुग्रु मा भवन यसै आवमा सम्पन्न गरिएको छ । मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत स्वास्थ्य चौकी घंरगामा सुत्केरी कुरुवा भवन निर्माण र ३ वटा स्वास्थ्य चौकी, २ विद्यालयमा घेराबार र वडा ५ र ७ मा खानेपानी निर्माण गरिएको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत वडा नं ८ मा खेल मैदान निर्माण र अन्य वडामा घोरेटो बाटो निर्माण गरिएको छ ।

**सभा अध्यक्ष तथा सभा सदस्य ज्यूहरु**

अब म यस कुशे गाउँपालिकाको आ.ब. २०८१/०८२ को वजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्न अनुमति चाहन्छु ।

**वजेटका उद्देश्यहरु निम्नानुसार प्रस्तुत गरेको छु ।**

१. नागरिकका मौलिक हक र अधिकारका रुपमा रहेको आश्यकताहरु सिघ्र परिपुर्ति गर्दै जीवनस्तरमा गुणात्मक सुधार गर्ने,

२. उपलब्ध स्रोत साधन, अवसर क्षमताको उच्चतम उपयोग तथा न्यायोचित वितरण गर्दै सामाजिक न्याय सहितको आर्थिक विकास गर्ने, राष्ट्रिय लक्ष्यलाई पुरा गर्न अधिकतम प्रयास गर्ने,

३. आर्थिक भौतिक तथा सामाजिक पुर्वाधार विकास गरी सन् २०३० सम्ममा मध्यम आय भएको मुलुकमा रुपान्तरण गर्ने राष्ट्रिय लक्ष्यलाई पछ्याउदै समुन्नत र समृद्ध सामाजवाद उन्मुख अर्थतन्त्रको आधारशिला तयार गर्ने ।

४. भुकम्प प्रभावित नागरिकहरुलाई पुनःस्थापनामा जोड दिइने ।

माथि उल्लेखित वजेटका उद्देश्यहरु हासिल गर्न देहायअनुसार नीतिगत, कार्यक्रमगत प्राथमिकता निर्धारण गरेको छ ।

१. चरम गरिवी अन्त्य र पिछडीएका क्षेत्र वर्ग र समुदायको उत्थान गर्दै सामाजिक सुरक्षा विस्तार सहित लोक कल्याणकारी राज्य व्यवस्था निर्माणमा सहयोग ।
२. भौतिक पुर्वाधार तर्फ प्रत्येक वडा वस्तिहरुमा सडकको स्तरोन्नती कार्यलाई निरन्तरता ।
३. शैक्षिक गुणस्तर अभिवृद्धि गर्न गाउँपालिका शिक्षण अनुदानलाई निरन्तरता ।
४. स्वास्थ्य क्षेत्रका सुचकहरुलाई सकरात्मक दिसा उन्मुख गराउन तथा वालमैत्री शासन स्थापना गर्न गर्भवती, एकल महिला र किशोरी संग उपाध्यक्ष कार्यक्रम।
५. कृषि र पशुजन्य वस्तू उत्पादन तथा व्यावसायिकरण र बजारिकरणलाई कृषक मैत्रि वनाउन अनुदान प्रणाली अवलम्वन ।
६. वालवालिकाको अधिकार उल्लंघन, बालबचाउ, बालसंरक्षण र वालविकास तथा वाल सहभागीताको सुनिश्चित गर्न वालकेन्द्रित कार्यक्रमहरु सञ्चालन ।
७. अति बञ्चितिकरणमा परेका र जोखिममा रहेका परिवारका बालबालिकाहरुलाई शिक्षित, संरक्षित गर्ने र उनीहरुको परिवारलाई आर्थिक रुपले सवल बनाउने ।
८. विद्यालयको शैक्षिक वातावरणमा सुधार ।
९. भुकम्पमा क्षेति भएका सार्वजनिक संरचना तथा नागरिकका आवासलाइ पुनःनिर्माण ।

**आगामी आर्थिक वर्षका लागि कूल ५३ करोड, ८८ लाख ९ हजार वजेट प्रस्तुत गरेको छ । जस मध्ये आयका श्रोत यस प्रकार रहेका छन ।**

१. संघीय सरकार बाट प्राप्त अनुदान

क) बित्तीय समानीकरण तर्फ रु ८ करोड, ६५ लाख

ख) शर्सत अनुदान तर्फ चालु रु २४ करोड, २७ लाख ९३ हजार

ग) शसर्त अनुदान पूँजीगत तर्फ रु ६२ लाख

घ) राजस्व वाडँफाड तर्फ रु १० करोड ४७ लाख

ङ) विशेष अनुदान तर्फ रु १ करोड ४० लाख

च) समपुरक अनुदान तर्फ १ करोड ५ लाख

२. प्रदेश सरकार बाट प्राप्त अनुदान

क) बित्तीय समानीकरण रु ९३ लाख, ३ हजार

ख) सशर्त अनुदान पुँजिगत रु २ करोड २२ लाख

घ) विशेष अनुदान रु १ करोड ३० लाख

ङ) समपुरक अनुदान रु ९७ लाख

च) प्रदेश राजस्व वाँडफाँड रु १३ लाख

छ सशर्त अनुदान चालु रु २१ लाख १३ हजार

३.आन्तरिक आम्दानि

क) आन्तरीक राजस्व अनुमानित रु १५ लाख

ख) गत वर्षको अल्या अनुमानित रु १ करोड ५० लाख

**आदरणीय गाउँ सभाका अध्यक्ष, तथा सदस्यज्यूहरु**

अव म आ.व.२०८१।०८२ मा हुने सम्पूर्ण व्यय तर्फको बजेट प्रस्तुत गर्ने अनुमति चाहान्छु, ।

१) चालु तर्फः

अनुसूचि ३ बमोजिमका शिर्षकहरुमा रहेर गाउँपालिका तथा सम्पुर्ण वडा कार्यालयहरुको वार्षिक चालु प्रकृतिका सम्पूर्ण खर्च, कर्मचारी र पदाधिकारीहरुको पारिश्रमिक, सेवा सुविधा तथा उच्च मनोबलका साथ काम गर्ने बाताबरण निर्माणका लागि रु १० करोड ४७ लाख विनियोजन गरेको छु ।

२) शर्शत अनुदान तर्फको खर्चः

यस गाउँपालिका भित्र समाहित भएका शिक्षक तथा स्वास्थ्य कर्मीहरुको तलव भत्ता तथा अन्य सुविधाहरुको व्यवस्थापन गर्न संघीय सरकारवाट प्राप्त सर्शत अनुदान चालु र पूँजिगत गरी एकमुष्ट रु २४ करोड ८९ लाख ९३ हजार विनियोजन गरेको छु ।

संघीय सरकारसंग विभिन्न शिर्षकमा माग गरिएका योजनाहरुको एकमुष्ट प्राप्त भएको विशेष अनुदान रु १ करोड ४० लाख, समपुरक अनुदान रु १ करोड ५ लाख गरि एकमुष्ट अनुदान रु २ करोड ४५ लाख समावेश गरेको छु ।

**३) प्रदेश विशेष, समपुरक र सशर्त अनुदान**

कर्णाली प्रदेश सरकारसंग विभिन्न शिर्षकमा माग गरिएका योजनाहरुको एकमुष्ट प्राप्त भएको विशेष अनुदान रु १ करोड ३० लाख, समपुरक अनुदान रु ९७ लाख र शसर्त अनुदान रु २ करोड ४३ लाख १३ हजार गरी एकमुष्ट ४ करोड ४० लाख १३ हजार समावेश गरेको छु ।

**४) सार्वजनिक निर्माण खर्च :**

यस कुशे गाउँपालिकाको समग्र विकास र समृद्धिको लागि सम्पूर्ण क्षेत्रमा बाँडफाँड गरेको रकमलाई सार्वजनिक निर्माण खर्च अन्तर्गत राखिएको छ । यस शिर्षकमा रु ११ करोड ३९ लाख विनियोजन गरेको छु ।

**श्रद्धेय सभा अध्यक्ष तथा गाउँ सभाका सदस्य ज्यूहरु**

अव म सार्वजनिक निर्माण अन्तर्गत विनियोजन गरेको कुल रकमलाई अनुसूचि ५ बमोजिमको शिर्षकमा राखी छुट्टा छुट्टै शिर्षकमा विनियोजन गरेको रकम प्रस्तुत गर्न चाहान्छु ।

**क) आर्थिक विकास**

विकास र समृद्धिको यात्रामा अर्थ क्षेत्रको ठुलो महत्व रहन्छ । गरिवी घटाउन आर्थिक गतिविधि संचालन गर्न जनतालाई सम्पतिको मालिक बनाउन, कृषि, पशुपालन उद्योग वाणिज्य क्षेत्रलाई मजवुत र सुदृढ बनाउन हामी चाहान्छौं ।

तसर्थ आर्थिक विकास तर्फ कुल रु **१ करोड २० लाख ५० हजार** विनियोजन गरेको छु । जस मध्ये कृषि विकास तर्फ रु १० लाख, पशु पंक्षी विकास तर्फ रु १० लाख, पर्यटन तर्फ रु ३१ लाख ५० हजार, स्वरोजगार तर्फ रु ५ लाख उद्योग विकास तर्फ १५ लाख, सहकारी तर्फ रु १० लाख र सिचाई तर्फ रु १९ लाख विनियोजन गरेको छु ।

**ख) सामाजिक विकास**

सामाजिक क्षेत्रको विकासबाट कुशे गाउँपालिकाको समग्र विकास हुने भएकोले सामाजिक विकासमा विशेष जोड दिएको छु र विपद्को कारणले समस्यामा परेका समुदाय, व्यक्तिलाई आवश्यकता अनुसार बहुसाँस्कृतिक मनोपरामर्श तथा मनोसामाजिक कार्यक्रम संचालन गरिनेछ । लैङ्गिक हिंसा वृहत यौनिकता शिक्षा तथा यौन तथा प्रजन्न स्वास्थ्य सम्बन्धी सचेतना कार्यक्रम तथा भुकम्प प्रभावित न्यून आर्थिक अवस्था भएका महिलाहरुलाई सिप मुलक तालिम कार्यक्रमहरु संचालन गर्ने गरि व्यवस्था मिलाएको छु । सामाजिक विकास तर्फ कुल **रु ३ करोड १९ लाख** विनियोजन गरेको छु । जस मध्ये शिक्षातर्फ रु ६४ लाख, स्वास्थ्य तर्फ रु ३९ लाख ५० हजार, महिला विकास कार्यक्रम अन्तर्गत गर्भवती तथा किशोरीसँग उपाध्यक्ष कार्यक्रम तर्फ रु १५ लाख, बालबालिका तर्फ वालविकास तथा अन्य कार्यक्रम संचालन गर्न रु ५ लाख, जेष्ठ नागरिक सहयोग कार्यक्रम तर्फ रु ४ लाख , अपागंता भएका वालवालिका परिवारलाई स्वास्थ्य विमा तथा अपागंता स्वास्थ्य शिविर कार्यक्रममा रु ४ लाख, न्यायिक समिति ५ लाख खानेपानी तथा सरसफाई तर्फ रु.७९ लाख, छात्रवृद्धि कार्यक्रम रु १० लाख, संस्कृति प्रवर्द्धन तर्फ रु ३८ लाख ५० हजार र खेलकुद तथा मनोरञ्जन तर्फ रु.२५ लाख रुपैया विनियोजन गरेको छु ।

**ग) पुर्वाधार विकास**

गाउँपालिकामा रहेका सडकहरुको विकास र दिगोपन ल्याई सुरक्षित आवागमनको लागि मालुमेला साँधिबिसाउना , बाटुल्ले टापुचौर र जिन्ताला पैक सडक यसै वर्ष विश्व खाध्य कार्यक्रमको आर्थिक

सहयोग र एकीकृत विकास समाज नेपालको प्राविधिक सहयोगमा स्तरउन्ननती गर्ने व्यवस्था मिलाएको छु । समग्र विकासको लागि पुर्वाधार विकास तर्फ कुल **रु. ५ करोड ३ लाख** रुपैया विनियोजन गरेको छु । जस मध्ये स्थानीय सडक तर्फ रु. ३ करोड १६ लाख, पुल तथा झोलङ्गे पुलं तर्फ रु. २२ लाख, भवन तथा शहरी विकास तर्फ रु. १ करोड २३ लाख र संचार तर्फ रु २५ लाख सघंसस्था म्याचिग ५० लाख विनियोजन गरेको छु ।

**घ) वातावरण तथा विपद् व्यवस्थापन**

कुशे गाउँपालिकाको विपद् व्यवस्थापन तर्फ कुल **रु. ६२ लाख ५० हजार** विनियोजन गरेको छु । यस गाउँपालिका भित्र रहेको विपद् राहत तथा उद्धार कोषमा आपतकालीन राहत तथा उद्धार गर्न रु. २० लाख, वातावरण सरक्षण तथा रोकथाम तर्फ रु. ४२ लाख ५० हजार विनियोजन गरेको छु ।

**ङ) संस्थागत विकास सेवा प्रवाह र सुशासन**

जनतालाई दिने सार्वजनिक सेवा प्रवाह चुस्त र दुरुस्त वनाउन सार्वजनिक सुनुवाई कायक्रम संचालन गरिने छ । समता, समानता, न्याय , सहभागिता, पारदर्शिता, अभिव्यक्ति स्वतन्त्रता तथा सार्वजनिक महत्वका विषयमा जनताले सूचना प्राप्त गर्ने हकलाई सुनिश्चित गर्न कार्यालयले सम्पादन गरेका कार्य सार्वजनिक गर्न आवश्यक व्यवस्था मिलाइने छ । सेवाग्राहीमैत्री सेवा प्रवाह, क्षतिपूर्ति सहितको सेवा, जिम्मेवारी बोध सहितको सेवाको प्रत्याभूति गरिने छ । यिनै पक्षको सुदृढिकरणका लागि संस्थागत विकास सेवाप्रवाह र सुशासनतर्फ कुल **रु.१ करोड १ लाख** विनियोजन गरेको छु ।

लामो समय साविकका गाउँविकास समितिमा करारमा कार्यरत कर्मचारी तथा यस गाउँपालिकामा कार्यरत करार कर्मचारीहरुको सेवाको सुरक्षाको लागि कर्मचारी कल्याण कोषलाई कानून बनाई कार्यान्वयनमा ल्याइने छ ।

**सभा अध्यक्ष तथा सभा सदस्यज्यूहरु**

माथि उल्लेख गरिएका सार्वजनिक निर्माण अन्तर्गत रहेका नितान्त प्राबिधिक विषय र खरिद गर्नुपर्ने सामग्री बाहेक सबैमा प्रत्येक सार्वजनिक निर्माण शिर्षकमा छुटयाईएको कुल रकमको १ प्रतिशत विपदकोष र ४ प्रतिशत कन्टेन्जेन्सी रकम र अन्य निर्माणमा ६ प्रतिशत, सडक तर्फ १५ प्रतिशत श्रमदान वा जनसहभागितालाई समेत वजेटमा समाहित गरेको छु । साथै संघीय सरकार ,प्रदेश सरकार र अन्य संघ ,संस्था तथा विश्व खाध्य कार्यक्रम एकिकृत विकास समाज,छाया नेपाल सेभ

द चिल्ड्रेन, पहाडी क्षेत्र विकास अभियान, ओरेक नेपाल, र बहुसाँस्कृतिक मनोसामाजिक संस्था नेपाल, आवाज संस्था सँगको साझेदारीमा योजना  र कार्यक्रम संचालन गर्न समपुरक कोषमा विशेष जोड दिइनेछ ।

यस गाउँपालिकाको आफ्नो स्रोत साधनले गर्न नसक्ने योजना तथा कार्यक्रम संघीय सरकार, प्रदेश सरकार र अन्य संघ संस्थासंग उचित पहल गरिनेछ ।

यो बजेट कुशेबासीको सकारात्मक सोच,जनप्रतिनिधीको साथ र राष्ट्रसेवक कर्मचारीहरुको लगाव ले कार्यान्वयन हुनेछ । जसको कार्यान्वयन बाट संस्थागत सुधार आयमा वृद्धि भई उन्नतिको पथमा कुशेले फड्को मार्नेमा विश्वास लिएको छु ।

प्रस्तावित कार्यक्रम बाट गाउँपालिकाले प्रदान गर्ने सेवाप्रवाहमा गुणात्मक सुधार आई सुशासन वृद्धिमा सहयोग पुग्ने बिश्वास लिएको छु।

**सभाध्यक्ष तथा सभा सदस्य ज्युहरु**

माथि विनियोजित वजेट अन्तर्गत वस्ति वडा तथा विषयगत र एकिकृत हुँदै प्राथमिकतामा परेका योजनाहरुको सफल कार्यान्वयनको लागि डिजाईन स्टिमेट, विस्तृत परियोजना प्रतिवेदनका आधारमा यहाँहरु सवैको रचनात्मक सुझाव कार्यपालिकाको पुर्ण वैठकवाट पारदर्शी र सवै वडाहरुमा सन्तुलित रुपमा वजेट खर्च गर्न आवश्यक कार्यविधि, नीति नियम हरु निर्माण गरी कार्यन्वयन गर्ने व्यवस्था गर्नेछु ।

अन्तमा प्रस्तावित वजेट योजना तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा सुझाव प्रदान गर्ने गरी सहयोग गर्नुहुने सम्पुर्ण वौद्धिक वर्ग, विषयगत समितिका सदस्यज्युहरु, कार्यपालिका सदस्यज्युहरु, वडा समितिका सदस्यज्युहरु, संघ संस्थाका प्रतिनिधिज्युहरु राजनीतिक दलका प्रतिनिधि ज्यूहरु र कर्मचारी साथिहरु तथा सम्पुर्ण कुशेवासीहरु प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । कार्यक्रमको सफल कार्यन्वयनमा स्थानीय समुदायको ठुलो भुमिका हुने भएकोले स्थानीय समुदायले अपनत्व ग्रहण गरी यसको कार्यन्वयनमा सहयोग पुर्याउने अपेक्षा लिएको छु ।

आर्थिक वर्ष २०८१/०८२ को वजेट योजना तथा कार्यक्रम कार्यान्वयनमा गाउँबासी, नेपाल सरकार, राजनैतिकदलहरु,नागरिक समाज,गैर सरकारी संघ संस्था बैदेशिक दातृ संस्था र कर्मचारी लगायत सबै बाट सहयोगको अपेक्षा राखेको छु ।

धन्यवाद ।

**देविका कुमारी सिंह**
**उपाध्यक्ष तथा संयोजक**
**वजेट तथा कार्यक्रम तर्जुमा समिति**
**२०८१ असार १० गते**